**चामे गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

सुपरिवेक्षण तथा अनुगमन समितिको प्रतिवेदन २०८२ जेष्ठ

## १. पृष्ठभूमी

स्थानीय तहको वार्षिक योजना तथा बजेट दिग्दर्शन, २०७४ को दफा ६.२.१ बमोजिम प्रत्येक गाउँपालिका तथा नगरपालिकाबाट संचालित योजनाको लागत, परिमाण, समय सिमा र गुणस्तरियताको आधारमा अनुगमन गरि आवश्यक पृष्ठपोषण दिनको लागी प्रत्येक पालिकामा अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्ने र सो समितिले गरेका कामको प्रतिवेदन कार्यपालिका बैठकमा छलफल तथा फरफारकका लागी पेश गर्ने प्रावधान भए बमोजिम चालु आ.व. २०८१/०८२ मा २०८२ वैशाख ३ देखि २०८२ जेष्ठ १२ गते सम्म यस समितिले गरेका योजनाको अनुगमन तथा सुपरिवेक्षणको आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

## २. उद्धेश्यहरु:

क) चालु आ.व. २०८१/०८२ मा यस गाउँपालिका द्धारा संचालित आयोजना तथा कार्यक्रममको अनुगमन गरि गाउँ कार्यपालिकामा प्रतिवेदन पेश गर्ने ।

ख) आयोजना तथा कार्यक्रम कार्यन्वयनमा देखिएका कमी कमजोरीहरु सुधारका लागी गाउँपालिकालाई सुझाव प्रदान गर्ने ।

## ३. अनुगमन तथा सुपरिवेक्षण समितिका पदाधिकारी एवं अनुगमन टोलीका सदस्यहरुको नामावली

- ❖ संयोजक श्री मिङमार ढोमा लामा उपाध्यक्ष चामे गाउँपालिका, मनाङ
- ❖ सदस्य श्री नम नारायण मल्ल, नि. प्रमुख प्रशासकिय अधिकृत
- ❖ सदस्य श्री गणेश घले कार्यपालिका सदस्य
- ❖ सदस्य श्री दो पाल्मा लामा कार्यपालिका सदस्य
- ❖ सदस्य सचिव श्री सुरेश कुमार शर्मा योजना शाखा प्रमुख
- ❖ आमन्त्रीत प्रशासकीय अधिकृत श्री राम कुमार श्रेष्ठ
- ❖ आमन्त्रीत पूर्वाधार शाखा प्रमुख श्री सिजन गुरुङ

**आमन्त्रीत तथा सहयोगी**

- ❖ सम्बन्धीत वडाका वडा अध्यक्ष र सदस्यहरु
- ❖ सव ईन्जिनियर श्री मनिष कुमार राय
- ❖ अ.सव.ई. श्री सुरेन्द्र बहादुर सिहं
- ❖ अ.सव.ई श्री कुमार गुरुङ

## ४. अनुगमन तथा सुपरिवेक्षण विधि

- यस अनुगमन तथा सुपरिवेक्षण समितिले चामे गाउँपालिका भित्र संचालन भएका सम्पूर्ण आयोजनाहरुको रनिङ बिल भुक्तानी गर्दा र अन्तिम बिल भुक्तानी गर्दा स्थलगत अनुगमन गरि अनुगमन क्रममा देखिएको अवस्थाका आधारमा स्थलगत रुपमा सुझाव तथा निर्देशन दिने र बिल भुक्तानिका लागी समितिको बैठक बसि कार्यालयमा सिफारिस गर्ने गरेको छ ।
- अनुगमन गर्दा अघिल्लो अनुगमन समितिले प्रयोग गर्दै आएको फर्म्याटलाई प्रयोग गर्ने गरिएको ।
- अनुगमन गर्दा आयोजना तथा कार्यक्रमको स्थलगत अनुगमन, साइड इन्चार्जबाट आवश्यक सूचना र अवस्थाको जानकारी, निर्माण व्यवसायी तथा उपभोक्ता समितिका पदाधिकारीहरु सँग अर्न्तक्रिया गरेको ।
- अनुगमन पश्चात स्थलगत अनुगमन प्रतिवेदनमा छलफल गर्न समितिको बैठक वसी आयोजना कार्यान्वयन कर्तालाई सुझाव तथा कार्यालयलाई भुक्तानीको लागी सिफारिस गर्ने गरेको ।
- यस समितिबाट देहायको मितिमा निम्नानुसारको संख्यामा आयोजनाहरुको स्थलगत अनुगमन गरि आयोजनाको स्थलगत प्रतिवेदन माथि छलफल गरिएको छ ।

| अनुगमन समितिको बैठक मिति | जम्मा बैठक संख्या | छलफल गरिएका आयोजनाको संख्या |
|---|---|---|
| २०८२ बैशाख ३ गतेदेखि जेष्ठ १२ गतेसम्म | १० वटा | २० वटा (संचालनको क्रममा र सम्पन्न भए पश्चात) |

## ५. अनुगमन गरिएको मिति, योजना तथा कार्यक्रमको अवस्था :

| क्र.सं. | आयोजनाको नाम, ठेगाना | समितिले दिएको सुझाव | फरफारकको लागी पेश भएको |
|---|---|---|---|
| १. | वडा नं. १ कार्यालय भवन र शित भण्डारमा कम्पाउण्ड र गेट निर्माण | सिमाना एकिन नभएको हुदाँ सिमा निर्धारण गरि गुणस्तरीयता कायम गरि कार्य गर्न निर्देशन दिने । | |
| २. | गैरी गाउँ देखि डाडाँगाउँ जाने मेसिनरी वाल निर्माण | मेसिनरी वाल चर्किएको हुदाँ उक्त वालमा राखिएको माटो हटाई चर्किएको भाग भत्काई मर्मत गर्न निर्देशन दिने । | |
| ३. | थान्चोक कन्यादेवी मन्दिर वरिपरी संरक्षण | जग खन्ने कार्य शुरुवात भएको हुदाँ समय समयमा साइट इन्चार्ज द्धारा निरिक्षण गरि गुणस्तरिय कार्य गर्न निर्देशन दिने । | |
| ४. | कोतो छोर्तेनको वरिपरि छपनी बिछाउने | छपनी ढुङ्गा इस्टिमेट अनुसारको मोटाईको प्रयोग गरि समयमै कार्य सम्पन्न गर्न निर्देशन दिने । | |
| ५. | चामे स्वास्थ्य चौकी निर्माण, थान्चोक | काम सन्तोषजनक देखिएको, समयमै कार्य सम्पन्न गर्न निर्देशन दिने । | |

| | | | |
|---|---|---|---|
| ६. | छारथाङ स्टेज निर्माण | प्राविधिक विल बमोजिम अन्तिम भुक्तानी दिने । | ✓ |
| ७. | छ कोठे भवन, शौचालय तथा अन्य संरचना निर्माण योजना | मेसिनरी वाल निर्माण भईरहेको हुदाँ अन्य कार्य थालनी गरि समयमै कार्य सम्पन्न गर्न निर्देशन दिने । साथै प्राविधिक बिल बमोजिम पहिलो रनिङ बिल भुक्तानी दिने । | |
| ८. | गैरीगाउँ देखि डाडागाउँ जाने मोटरबाटो मेशिनरी वाल निर्माण | प्राविधिक विल बमोजिम अन्तिम भुक्तानी दिने । | ✓ |
| ९. | चामे सडक सुधार वडा नं. ३,४ र ५ | प्राविधिक विल बमोजिम अन्तिम भुक्तानी दिने । | ✓ |
| १०. | थान्चोक कन्यादेवी मन्दिर वरिपरि संरक्षण | प्राविधिक विल बमोजिम अन्तिम भुक्तानी दिने । | ✓ |
| ११. | लालीगुरास पार्क निर्माण | प्राविधिक विल बमोजिम अन्तिम भुक्तानी दिने । | ✓ |
| १२ | चामे स्वास्थ्य चौकि निर्माण, थान्चोक | छानो छाउने, प्लास्टर लगायत लागत इस्टिमेटमा भएका अन्य सम्पूर्ण कार्य समयमै सम्पन्न गर्न निर्देशन दिने । | |
| १३. | तिमाङ आधारभूत स्वास्थ्य केन्द्र कर्मचारी आवास | भवन निर्माण सम्पन्न भएको, भित्तामा प्लाई, छानो छाउने लगायतका कार्य समयमै सम्पन्न गर्न निर्देशन दिने । | |
| १४. | वडा नं. २ कार्यालय भवन | लामो समयदेखि निर्माण कार्य रोकिएको, आवश्यक निर्माण सामाग्री नभएको, ल.ई. बमोजिम अन्य सम्पूर्ण कार्य नभएको, निर्माण कम्पनीको चरम लापरवाही देखिएको । | |
| १५. | वडा नं. १ कार्यालय भवन शित भण्डारमा कम्पाउण्ड गेट निर्माण | वाल निर्माणको कार्य सकिएको, भूइमा पिसिसि सोलीङ भईरहेको, पोल, जाली, गेट ल्याई ल.ई बमोजिमको कार्य सम्पन्न गर्न निर्देशन दिने । | |
| १६. | कोतो छोर्तेनको वरीपरी छपनी विछ्याउने | वडा समितिको अनुगमन प्रतिवेदन, सिफारिस तथा प्राविधिक विल बमोजिम अन्तिम बिल भुक्तानी दिने । | ✓ |
| १७. | वडा नं. ५ शौचालय ढल निर्माण र वायरिङ | शौचालय निर्माण कार्य भईरहेको, पानी जाने पाइपको लेवल मिलाई वाकि कार्य समयमै सम्पन्न गर्न निर्देशन दिने । | |
| १८. | चामे बजार सडक खानेपानी, ढल निर्माण | घरघरमा लैजाने पाइप, स्याडल लगायत अन्य फिटिङ सामाग्री ल्याई, सम्पूर्ण च्याम्वर ढकनीले छोपी ल.ईमा भएका अन्य सम्पूर्ण कार्य गर्न निर्देशन दिने । | |
| १९. | ६ कोठे भवन, शौचालय तथा अन्य संरचना निर्माण | भवन निर्माणको लागी जग खन्ने कार्य भईरहेको, बिचमा ढुङगा आएर काम रोकिएको देखियो, उक्त ढुङगा फोरी अन्य कार्य समयमै गर्न निर्देशन दिने । | |
| २०. | तिमाङ आधारभूत स्वास्थ्य केन्द्रमा कर्मचारी आवास | प्राविधिक विल बमोजिम अन्तिम भुक्तानी दिने । | ✓ |

## ६. आयोजना कार्यान्वयनमा देखिएका समस्याहरु

- वडामा सवै आयोजना एकै पटक संचालन नहुदा अनुगमनमा कठिनाई ।
- पूर्वाधार बाहेक अन्य क्षेत्रका आयोजनाहरु अनुगमनमा अनुगमन समिति सँग समन्वय नहुँदा अनुगमन प्रतिवेदनमा सवै विषय समावेश गर्न कठिन भएको ।
- सबै आयोजनामा आयोजना सूचना बोर्ड टाँस नभएको ।
- हिउदे अधिवेशन चैत्र महिनामा हुने र नयाँ तथा ठूला रकमका योजना समावेश भएका र कार्य सम्पन्न गर्न नसकिने अवस्था आएको ।
- अनुगमन टोलीका लागी सवारी साधन अप्रयाप्त भएको ।

## ७. सुझावहरु :

- वडा स्तरिय अनुगमन समितिले वडा भित्रका सवै आयोजना तथा कार्यक्रमहरुको कार्यतालिका वनाई नियमित गर्नुपर्ने र पालिका स्तरीय अनुगमन समितिले समेत कम्तिमा २ पटक अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्ने ।
- आयोजना स्थलमा खटाइएका प्राविधिक तथा साइड ईन्चार्जले स्थलगत पुगी कति पटक आयोजना हेर्ने तथा सुझाव दिएको हो सोको रेकर्ड आयोजना सम्झौता रजिष्टर वनाई राख्ने र सोको कार्यान्वयनको अवस्था पालिका स्तरीय अनुगमन समितिले हेर्ने ।
- उपभोक्ताहरुका लागी आयोजना संचालन तालिम संचालन गर्ने ।
- पूर्वाधारका साथै अन्य क्षेत्रमा भएको गतिविधीको समेत विषयगत समिति र पालिका स्तरिय अनुगमन समितिवाट नियमित अनुगमन गराउने व्यवस्था मिलाउनु पर्ने ।
- आयोजना संचालन सूचना बोर्ड कार्यक्रम वा आयोजना सुरु हुदाँका वखत नै टाँस गर्न लगाउने । सो कार्य लागत अनुमानमा समेत राखी अनिवार्य गराउने ।

| | |
|---|---|
| प्रतिवेदन तयार कर्ता | प्रतिवेदन पेश कर्ता |
| सुरेश कुमार शर्मा | मिङमार ढोमा लामा |
| योजना शाखा प्रमुख एवं | उपाध्यक्ष एवं |
| अनुगमन तथा सुपरिवेक्षण समिति सदस्य सचिव | अनुगमन तथा सुपरिवेक्षण समिति संयोजक |

मिति : २०८२ जेष्ठ २९ गते ।